# युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड
# United Modi Hydropower Limited


वडा नं.३१, कमलादी, काठमाण्डौं, नेपाल
फोन नं.: ४१६९११४, फ्याक्स नं.: ४१६९११३
इमेलः unitedmodi@ntc.net.np / वेभसाइट : www.umh.com.np


को

## उद्योग प्रभावित क्षेत्र पर्वत जिल्लाका बासिन्दाहरूको निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँट, बाँडफाँट-पत्र तथा रकम भुक्तानी पूर्जा वितरण बारेको सूचना

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको प्रति शेयर रू.१००/- अंकित दरका ११,५०,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) पर्वत जिल्लाका बासिन्दाहरूमा एनआईबिएल क्यापिटल मार्केट्स लि.को निष्काशन तथा बिक्री प्रवन्धकत्वमा मिति २०७३/५/२६ गतेदेखि मिति २०७३/६/९ गतेसम्म बिक्री खुल्ला गरिएकोमा सो अवधीभित्र रितपूर्वक आवेदन दिनु हुने ११,४०४ जना आवेदकहरूलाई बाँडफाँट सम्बन्धी प्रचलित कानून बमोजिम उक्त कम्पनीको ११,५०,००० कित्ता साधारण शेयरहरू मिति २०७३/७/१९ गते बाँडफाँट गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं ।

साथै उक्त शेयरको लागि आवेदन दिने आवेदकहरूको शेयर बाँडफाँट-पत्र तथा रकम फिर्ता भुक्तानी पूर्जा **मिति २०७३ कार्तिक २४ गते बुधबार**देखि वितरण गर्ने व्यवस्था मिलाइएकोले आफूले आवेदन बुझाएको संकलन केन्द्रमा सम्पर्क राखि शेयर बाँडफाँट-पत्र तथा भुक्तानी पूर्जा संकलन गर्नुहुन सूचित गर्दछौं ।

आवेदकहरूले शेयर बाँडफाँट-पत्र तथा भुक्तानी पूर्जा संकलन गर्न आउँदा दरखास्त फारामको अर्धकट्टीको साथै आवेदक स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नुहुन अनुरोध गर्दछौं । स्वयं उपस्थित हुन नसकी अन्य व्यक्ति मार्फत बाँडफाँड-पत्र तथा भुक्तानी पूर्जा संकलन गर्न चाहने आवेदकहरूको हकमा लिन आउने व्यक्तिलाई आफ्नो मञ्जुरीनामा र दरखास्त फारामको अर्धकट्टीका साथै स्वयंले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यहोरा यसै सूचनाद्वारा अनुरोध गर्दछौं ।

**बाँडफाँटमा परेका शेयरधनीहरुको विवरण युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको Website:www.umh.com.np, तथा धितोपत्र निष्कासन तथा बिक्री प्रवन्धक एनआईबिएल क्यापिटल मार्केट्स लि.को Website: www.niblcapital.com र Mobile Apps बाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।**

**नोटः**

१ तल उल्लेखित बैंक/वित्तीय संस्थामा खाता रहेको र सोही खाता आवेदन फाराममा उल्लेख गरि दरखास्त दिने आवेदकहरूको रकम फिर्ता भुक्तानी सोही खातामा गरिने भएकोले कथंकदाचित रकमान्तर भएको नदेखिएमा सम्वन्धित संकलन केन्द्रमा सम्पर्क राख्न हुन अनुरोध छ ।

| | | |
|---|---|---|
| १. नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड | २. ग्लोबल आइएमई बैंक लिमिटेड | ३. देवः विकास बैंक लिमिटेड |

२ माथि उल्लेखित बैंक/वित्तीय संस्थाको खातामा रकमान्तरण गरिएका आवेदक/शेयरधनीहरूको हकमा निजहरूको बाँडफाँट-पत्र, रकम फिर्ता भुक्तानी गरेको मितिले दशौं दिन पश्चात् वितरण गरिने भएकोले सम्बन्धित संकलन केन्द्रमा सर्म्पक राख्नुहुन अनुरोध छ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**

(A Subsidiary of Nepal Investment Bank


पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com